राष्ट्र र जनताप्रति प्रतिबद्ध
महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# द पब्लिक टुडे
The Public Today National Daily
राष्ट्रिय दैनिक
वर्ष १३ | अंक २६३ | २०८३ जेठ २३ गते शनिवार | (Saturday, 6 June, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# अलपत्र छन् दलित छात्रावास

सुभाष कर्ण

*जनकपुरधाम, जेठ २२ गते ।*

मधेस प्रदेश सरकारले सात वर्षअघि दलित समुदायका विद्यार्थीलाई उच्च शिक्षातर्फ आकर्षित गर्ने उद्देश्यले थालेको दलित छात्रावास निर्माण कार्यक्रम अहिले भ्रष्टाचार, लापरवाही र जिम्मेवारीहीनताको प्रतीक बनेको छ ।

करोडौं रुपैयाँ खर्च भइसके पनि प्रदेशका कुनै पनि जिल्लामा एउटा पनि दलित छात्रावास संचालनमा आउन सकेको छैन । अलपत्र ती छात्रावासको जिम्मेवारीबाट सरोकारवाला निकायहरू पन्छिरहेका छन् ।

आर्थिक वर्ष २०७५/०७६ मा तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले 'बेटी पढाऔं, बेटी बचाऔं' कार्यक्रमअन्तर्गत प्रदेशका आठवटै जिल्लामा दलित छात्रावास निर्माणका लागि ९० लाखदेखि एक करोड रुपैयाँसम्म बजेट विनियोजन गरेको थियो । योजनाअनुसार प्रत्येक छात्रावासमा १२ वटा कोठा, स्नानगृहसहितको शौचालय, फर्निचर, विद्युत् र खानेपानीको सुविधा रहने भनिएको थियो ।

धनुषाको रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, महोत्तरीको रामानन्द विश्वेश्वर बहुमुखी क्याम्पस, सिरहाको सूर्यनारायण सत्यनारायण मोरबैता यादव बहुमुखी क्याम्पस, सप्तरीको महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस, सर्लाही क्याम्पस मलंगवा, बाराको राष्ट्रिय माध्यमिक विद्यालय सिस्वा मोहनपुर तथा पर्साको ठाकुरराम बहुमुखी क्याम्पसमा छात्रावास निर्माणका लागि बजेट छुट्याइएको थियो ।



तर योजना सुरु भएको सात वर्ष बितिसक्दा पनि अधिकांश भवन अधुरै छन् भने निर्माण सम्पन्न भएका भवनसमेत विद्युत्, खानेपानी र शौचालयको अभावमा प्रयोगविहीन बनेका छन् । अझ आश्चर्यजनक कुरा के छ भने निर्माण सम्पन्न नभए पनि सम्बन्धित उपभोक्ता समितिहरूलाई ४० देखि ५० लाख रुपैयाँसम्म भुक्तानी गरिसकिएको छ । प्रदेश सरकारले ६ करोडभन्दा बढी बजेट विनियोजन गरेकामा ३ करोडभन्दा बढी रकम खर्च भइसकेको देखिन्छ ।

सबैभन्दा गम्भीर प्रश्न अहिले यही बनेको छ- यी भवन कसले बनायो र कसले जिम्मा लिने ? क्याम्पस प्रशासनहरू भन्छन्- निर्माणअघि आफूहरूसँग कुनै औपचारिक स्वीकृति लिइएन, न त भवन हस्तान्तरणनै गरियो ।

शिक्षा तथा संस्कृति मन्त्रालयले यो योजना तत्कालीन सामाजिक विकास मन्त्रालयको भएको भन्दै आफ्नो कार्यालयमा कुनै अभिलेख नरहेको बताइरहेको छ । निर्माण गर्ने उपभोक्ता समिति को थिए, कसरी गठन भए, कति रकम भुक्तानी पाए र कामको वास्तविक प्रगति कति थियो भन्ने विषयमा कुनै निकायले स्पष्ट जवाफ दिन सकेका छैनन् ।

धनुषाको जनकपुरधामस्थित रामस्वरुप रामसागर बहुमुखी क्याम्पसमा पहिलो चरणको भवन निर्माण भए पनि शौचालय, खानेपानी र विद्युत् जडानको काम पूरा हुन सकेको छैन । परिणामस्वरूप छात्रावास संचालनमा आउन नसकी वर्षौंदेखि खाली छ ।

क्याम्पस प्रमुख वसन्त कर्ण भन्छन्, 'यो भवन कसले, कुन प्रक्रियाबाट र किन बनायो भन्ने विषयमा हामीसँग स्पष्ट अभिलेख छैन । दलित छात्रावासका रूपमा निर्माण गरिएको बुझिएको छ, तर हस्तान्तरणनै नभएकाले संचालन गर्न सक्ने अवस्था छैन ।' शौचालय, विद्युत् र खानेपानीको सामान्य काम बाँकी रहेको तर कसले पूरा गर्ने भन्ने अन्योल रहेको उनको भनाइ छ ।

सिरहास्थित सूर्यनारायण सत्यनारायण मोरबैता यादव बहुमुखी क्याम्पसमा त अवस्था झन् दयनीय छ । ११ कोठे छात्रावास निर्माण गर्ने योजना रहे पनि पाँचवटा कोठाको मात्रै छत ढलान गरिएको छ भने बाँकी कोठाहरूमा पिलर उठाएर काम रोकिएको छ ।

क्याम्पस प्रमुख राजेश्वरप्रसाद यादवका अनुसार निर्माणको जिम्मेवारी कसले लिएको थियो भन्ने तथ्य पत्ता लगाउन दुई वर्ष लागेको थियो । 'बाँकी काम सम्पन्न गर्न ८३ लाख रुपैयाँको इस्टिमेट बनाएर शिक्षा मन्त्रालयमा बुझाएका छौं,' उनले भने ।

**६४ दिनको योजना, ७ वर्षसम्म अलपत्र**

छात्रावास निर्माणका लागि उपभोक्ता समितिहरूले २०७६ असार २० गतेभित्र अर्थात् जम्मा ६४ दिनमा काम सम्पन्न गर्ने प्रतिबद्धता जनाएका थिए । सुरुमै रनिङ बिलका रूपमा ३० लाख रुपैयाँभन्दा बढी रकम भुक्तानी पनि गरिएको थियो । निर्माण समयमै पूरा नभएपछि बाँकी रकम रोकिएको थियो । तर एक आर्थिक वर्षपछि कानुनी व्यवस्था संशोधन गरी प्राविधिक मूल्यांकनका आधारमा थप रकमसमेत भुक्तानी गरिएको स्रोतहरू बताउँछन् ।

यस क्रममा कामभन्दा बढी मूल्यांकन गरी रकम निकासा गरिएको आरोपसमेत लाग्दै आएको छ । कति काम भयो, कसले कति रकम पायो र प्राविधिक मूल्यांकन कसरी भयो भन्ने अभिलेख सामाजिक मन्त्रालय टुक्रिँदा अहिले कुनै पनि निकायसँग छैन । सामाजिक विकास मन्त्रालय टुक्रिएर शिक्षा तथा संस्कृति, स्वास्थ्य तथा जनसंख्या र खेलकुद तथा समाज कल्याण सहित तीनवटा मन्त्रालय बनिसकेका छन् ।

शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव दिलिप ठाकुर स्वीकार गर्छन् ।

सामाजिक विकास मन्त्रालयमा कार्यरत रहँदा दलित छात्रावास निर्माणका लागि बजेट विनियोजन गरिएको र केही रकम भुक्तानीसमेत भएको उनले बताए ।

'पछि के भयो भन्ने विषयमा मलाई थाहा छैन । योजना सामाजिक विकास मन्त्रालयको भए पनि कार्यान्वयन भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत भएको थियो । त्यसैले शिक्षा मन्त्रालयमा आवश्यक कागजात छैनन्,' उनले भने ।

भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव ओमराज ढुंगाना भने समाधान सम्भव रहेको बताउँछन् । 'पुराना कागजात खोजेर बस्नुपर्ने आवश्यकता छैन। जहाँ जति काम बाँकी छ, त्यसको नयाँ इस्टिमेट तयार गरी बजेट माग गरे आगामी आर्थिक वर्षमै काम सम्पन्न गर्न सकिन्छ,' उनले भने ।

शिक्षा तथा संस्कृति मन्त्री मनोज सिंहले घटनाबारे आफूलाई केही जानकारी नभएको बताए । 'अधिकांश रेकर्ड फाइलहरू पनि पछिल्लो जेनजी आन्दोलनका क्रममा जलिसकेका कारण काम गर्ने आधार छैन । तर पनि हेर्छु के गर्न सकिन्छ,' उनले भने ।

दलित समुदायका विद्यार्थीलाई सुरक्षित आवास उपलब्ध गराएर उच्च शिक्षामा पहुँच बढाउने उद्देश्यले सुरु गरिएको कार्यक्रम अधुरो रहनु प्रमुख कारण दलीय राजनीति हो । सो योजना महन्थ ठाकुर नेतृत्वको तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) का सामाजिक विकास मन्त्री नवलकिशोर साहले योजना ल्याएको र राजपाकै भौतिक पूर्वाधार विकास मन्त्री जितेन्द्र सोनलले कार्यान्वयन गरेका थिए । २०७८ सालपछि सत्ता फेरबदलले अन्य दलका मन्त्रीहरूले चासो दिएनन् ।

# गर्मी छल्न बन्द गरिँदै विद्यालय

राष्ट्रिय समाचार समिति

*महोत्तरी, जेठ २२ गते ।*

महोत्तरीका स्थानीय तहले एकपछि अर्को गर्दै पछिल्लो साता बढेको गर्मी छल्न धमाधम विद्यालय बन्द गर्दैछन् । पछिल्लोपटक गौशाला नगर कार्यपालिकाको कार्यालयले शुक्रवारदेखि आउने सोमबारसम्म नगर क्षेत्रका सबै विद्यालय बन्द गर्ने निर्णय गरेको छ । यसअघि बर्दिबास नगर कार्यपालिकाको कार्यालयले बिहीबारदेखि नै विद्यालय पूर्ण रूपमा बन्द गरिसकेको छ ।

घामको प्रचण्ड रापसँगै बहने तातो हावाले बालबालिकाको स्वास्थ्य चासोलाई ख्याल गरिएर नगर क्षेत्रका सामुदायिक, संस्थागत र धार्मिक विद्यालय बन्द गर्ने निर्णय भएको गौशाला नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर अधिकारीले सूचना जारी गर्दै जनाएको हो । विद्यालय बन्दको निर्णय गर्ने गौशाला र बर्दिबास




दुवै जिल्लाका सुदूर उत्तरवर्ती स्थानीय तह हुन् ।

जिल्लामा मध्य र दक्षिणी क्षेत्रभन्दा उत्तरी क्षेत्रमा घामको राप र गर्मीको असर बढी छ । मध्य र दक्षिणी क्षेत्रको चिम्टयाइलो र लिसाइलो माटो हुँदा कम तात्ने हुन्छ । तर उत्तरी क्षेत्रको धेरैजसो भेगमा बलौटे माटो भएको हुँदा चाँडै तात्ने र तातो वाफ फैलँदा यता राप र गर्मीको असर बढेको जलवायु र मौसमविज्ञ बर्दिबास-१ का बासिन्दा नागदेव यादव बताउँछन् ।

जिल्लाका मध्य र दक्षिणी क्षेत्रमा पनि अब शनिबार र पर्सि आइतबारको मौसम अवस्था हेरेर यसबारे निर्णय लिने तयारीमा स्थानीय तह छन् । "शनिबार र आइतबार त नियमित साप्ताहिक बिदा नै छ, यसपछि सोमबारसम्म मौसममा सुधार नआए के गर्ने भन्ने सोचिन्छ", एकडारा गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डलले भने ।

जिल्लामा १० नगरपालिका, पाँच गाउँपालिकासहित १५ स्थानीय तह छन् ।

यसपटक गत शनिबारयता तापक्रम निकै बढेको छ । त्यसयता दिनहुँजसो एकटङ्गारको घामको राप बढ्दो छ । मध्याह्नदेखि अपराह्न ४:०० बजेसम्म ३८/३९ डिग्री सेल्सियस तापमान रहने गरेको छ । यो पछिल्लो साताको उखरमाउलो गर्मीले हाटबजार र कार्यालयहरूमा पनि चहलपहल निकै घटेको छ । सामान्य हिँडडुल पनि सकस बनेको छ । यसले विद्यालय पढ्न जाने स-साना नानी, वृद्धवृद्धा, गर्भवती, सुत्केरी र कडा शारीरिक श्रम गर्ने मजदुर बढी समस्यामा परेका छन् ।

# वातावरण दिवस मनाइयो

**बर्दिवास, जेठ २२ गते ।** महोत्तरीको बर्दिवासमा "समृद्ध भविष्यको आधार: जलवायु एवम् प्रकृति मैत्री विकास" भन्ने मूल नाराका साथ ५४औं विश्व वातावरण दिवस मनाइएको छ ।

कार्यक्रममा मधेश प्रदेशका श्रम तथा यातायात मन्त्री शारदा देवी थापा प्रमुखअतिथिका रूपमा सहभागी भएकी थिइन् ।

Caritas Germany/BMZ को आर्थिक सहयोगमा सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबास, महोत्तरीद्वारा संचालित renghten Disaster Risk Reduction and Climate Resliience Capacities in India and Nepal (SDRC) परियोजनाले मधेश प्रदेशका सीमान्तकृत समुदायहरूको विपद् जोखिमन्यूनीकरण तथा जलवायु उत्थानशील क्षमता अभिवृद्धि गर्ने लक्ष्य अनुरुप परियोजना अन्तर्गत विद्यालय र समुदायतहमा सचेतनामा मूलक क्रियाकलाप तथा समुदायमा वृक्षारोपण गर्दै विश्व वातावरण दिवस मनाएको छ ।

बर्दिबासवडा नं.-७ का वडाध्यक्ष राम स्वगारत यादवको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको छ ।

**सर्पकको टोकाइबाट सुरक्षित हुन सावधानी अपनाऔं**

- राति हिँड्दा टर्च/बत्तीको प्रयोग गरौं,
- झाडी, घाँस र ढुङ्गामुनि हात हाल्दा सावधानी अपनाऔं,
- घर वरिपरि सफा राखौं र सर्प बस्ने ठाउँ हटाऔं,
- खेतवारी वा बगैंचामा काम गर्दा जुत्ता र लामा कपडा लगाऔं,
- प्रभावित अंग कम चल्ने गरी स्थिर राखौं,
- सर्पले टोकेमा झारफुकमा नलागी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाऔं
- अस्पतालमा सर्पदंशविरुद्धको उपचार उपलब्ध हुन्छ ।

समयमै उपचार भएमा सर्पदंश निको हुन्छ, ढिलाइ भएमा ज्यान जाने जोखिम बढ्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कविता

# माई



***

नवल किशोर महतो

पिया के रोटी खियाबेली एक ओर
दोसर ओर बउवा के दूध पियाबेली माई ।
कि साँझ परल आब हे निनिया
कहिके बउवा के लोरी सुनाबेली माई॥

आँचर से लपेट के लेलहिन गरमाई
कि गोद मे लेलहिन ललना सुताई ।
सीता मैया के काहानी सुनाबेली
गेलहिन ममता के मोहमे पिया भुलाई॥

हुरार सियार से डराबेली कहियो
कनला पर चन्दा देखाबेली माई ।
आ गाबेली आव हे निनके रानी
कही कोरा मे धके सुताबेली माई॥

दूध पियाबेलि झुलुवा झुलाबेली
अपन गोद बनाबेली पलङ रजाई ।
गावेली लोरी सुत मोर ललना
छाती से लेलहिन बउवा के लगाई॥

सुगा आ मैना जेका पाठ परहाबेली
परबा के घुटर घु सुनावेली माई ।
भोर भिनसर जब उगे सुरुज देव
प्यार से ललना के जगाबेली माई॥

ताता आ थैया से बाबु डेग बढाबै
आँगुर पकैर के चलाबेली माई ।
जब चोट लागे बउवा के कहुना
ममता के आचर मे लेलहिन समाई॥

गङ्गा जमुना सन हथिन पवित्र माई
सिना से लेलहिन बउवा के लगाई ।
करुणा के सागर मे बउवा के डूबाके
ममता के मुह फेर लेलहिन माई॥

कि माथ से हटल माई के आँचर
आव कबहु नई मिलई फेरु से माई ।
कि छुटल माईके आँचर  नुनुवा
छुईट गेल हुनकर घुँघुवा घुघुवाई॥

## कविता

# कोपिला डाली



***

सीता शर्मा पन्थी
वीरगन्ज

१
मनको बह बताऊँ कसरी
बुझ्नेले कुरा,नबुझे पछि दुःखेसो नै छैन
आफ्नोलाई सताऊँ कसरी
२
यस्तै लालटमा लेखेको रैछ
अरूले आँखा लाउँदैमा फरक पर्दैन
 भाग्यमानीले  भेटेको  रैछ
३
आफूलाई भाग्यशाली  ठान्छु है
त्यसैले सबैको माया पाएर रमाएको छु
परिवारलाई  आफ्नै मान्छु है
४
मनमा बसन्त छाएको बेला
 हेरेर मनमेरो बिभोर गदगद हुदैछ
बोटमा पालुवा आएको बेला
५
फूलेर फूल झरोस बरू
हरेक डाली डालीमा हाँगा अनि पातमा
नटिपी फूल मरोस बरू

## कविता

# भावनाको सुगन्ध



***

स्मारिका अधिकारी
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

राम्रो यो बिचित्र नवरङ्ग छ यो जगमा
कथा, मुक्तक, गजल भन्दा अभिन्न छ यो सबमा
फूल भए सुगन्ध फललाई भरिदिने रसमा
वैराग्य मनको हटाई उमङ्ग छरिदिने नभमा।

धर्तीको अनेक सौन्दर्य वर्णन गरी भाकामा
गुञ्जिरह्यो लोकमा सबै हरियाली पाखामा
यो मुस्कुराएको सुहाउने जस्तै रामसीता
बोल्न नआउने लाई महान् वक्ता बनाउने यो कविता ।

## कविता

# विद्यार्थी जीवन



***

पुरुषोत्तम कुशवाहा
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

विद्यार्थी जीवनमा पढ्ने हो मुख्य काम
राम्रोसँग पढेर अन्धकार हटाउँ
आज हाम्रो सिक्ने उमेर भोलि हो सिकाउने
अहिले राम्रो नपढे पछि के पढाउने?

सबै कष्ट सहेर गर्नुपर्छ है दुःख
तबमात्र भविष्यमा हुने हो नि सुख
विद्यालय गईकन लिऊँ ज्ञान श्रेष्ठ
उचित ज्ञान लिन सकौं बुझौं यही विशेष।

मनमा ठूलो सपना बोकी जान्छौं हामी स्कुल
ध्यान नदिँदा नबुझेर हुन्छौं अनि व्याकुल
बाबुआमाको इज्जत राखौं राम्रोसँग पढेर
अनि मात्र हुने हो विद्यार्थी जीवन सुन्दर।

## कविता

# तिम्रो लागि यति गरें



***

निकी कुमारी यादव
सहसचिव, जनता साहित्यिक मञ्च गौरिडाँडा
बर्दिवास, महोत्तरी

म कसरी भनौं म कस्की पियारी
न आमाकी दुलारी,न बाबाकी संस्कारी
भन्छु आफ्नो कुरा केही नढाँटी
म हजुरको मन जित्नलाई अगाडि।

म तिम्रो प्रेममा यति डुबें आमाबुबालाई समेत बिर्सें
तिम्रो मिठो कुरामा म भुलें
जसले गर्दा मैले सपनालाई बिर्सें।

तिम्रो पछाडि लागेर मैले आफ्नो बाटो बिर्सें
तिम्रो सपनालाई मेरो सपना बुझें
तिम्रो मायालाई मेरो अधिकार बुझें
तिम्रो सामीप्य नै मैले लक्ष्य बुझें।

तिमीसँग बिताएका क्षणहरु मनमा लेखें
तिमीले दिएको पीडा आँसुबाट निकालें
झन् तिम्रो माया गडेर बस्यो मनमा
तिम्रो लागि मैले यति नैं गरें जीवनमा।

## कथा

# एक्लो यात्री



सुमित्रा आचार्य
लालबन्दी

बजार गएर आउनुभ'को बहिनी? हेर्दा आफूभन्दा कान्छी उमेरकी मङ्गोलियन अनुहारकी महिलाले आफ्नो संस्कार अनुसार गुम्बा अगाडिको गौतम बुद्धको मूर्तिलाई ढोग्दै मतिर प्रश्न तेर्स्याइन्। त्यो अनजान बोलीको प्रतिउत्तर स्वरूप मैले फिस्स हाँसेर 'होइन 'मात्र भनें । बजारतिर हो घर ? इभिनिङ वाकमा आउनुभो कि?भन्ने प्रश्न मेरो कानमा पर्दा म उनको सरल र मिजासिलो स्वभाव पढ्दै थिएँ। मैले 'हजुर' भन्नेबित्तिकै तुरुन्तै आश्चर्यको भावमा प्रतिप्रश्न गरिन्-एक्लै? साथी छैनन्? गौतम बुद्धको मूर्तितर्फ एकोहोरो भएको मेरो ध्यान खिचेर आफ्नी साथीसँग फर्किइन् तिनी। आफू अँध्यारोमा निकै माथि आइपुगेको भान भो मलाई। गौतम बुद्धको मूर्तिलाई चार चक्कर लगाएपछि एकत्रित हुन नसकेको मस्तिष्कलाई जबरजस्त एकाग्र बनाउने प्रयासपश्चात म त्यहाँबाट फर्कें।

निशाले गर्लम्म अँगालो हालेको बस्ती, पोलका बत्तीहरूमा झुम्मिरहेका थुप्रै किरा, भुसुना, सुखको माना चाखिरहेका थाकेका अनुहार नियाल्दै बजारतर्फ लम्के मेरा पाइला ।

तर,मेरो मन भने गुम्बा सम्मुख सोधिएको प्रश्नमा घोत्लिन पुग्यो",एक्लै?" "साथी छैनन्? "आफूलाई एक्लो यात्री बनाउने सङ्कल्प गरेर घरबाट निस्केकी



मलाई यही प्रश्नले सोच्न बाध्य बनाइदियो।सायद कहिल्यै नियालेकी थिइनँ आफूलाई जसरी आज नियालें । उस्तै एक जोडा आँखा, हात, गोडा, कान आदि, उस्तै नभए पनि निर्णयमा साझेदार मन र मस्तिष्क, नामकरणमा भिन्नता भए पनि झन्नै उस्तै संरचनाका निधार र गाला आपसमा नजिकका मित्र जस्ता । अनि म ? के म जस्तै मान्छे छ मभित्र? जसलाई सुम्सुम्याउन सकूँ आफू सम्झेर।

बाटो छेवैका बियरका बोतलहरू मेरो एक्लाइमा तिखा हिंस्रक नजर हुत्याइरहेका थिए । के यी आँखाहरू मेरो सशक्त एक्लाइभन्दा शक्तिशाली हुन सक्लान् ? मभित्रको "म"हिम्मतका साथ मेरो पक्षमा उभियो, सूर्य, पृथ्वी,आकाश एक्लाएक्लै छन् एक्लो यात्री ! उस्तै हुनु नै समानता होइन।अनि सँगै हुनु साथ होइन ।

पृष्ठ संयोजन : नारायण घिमिरे [प्रत्येक शनिवार प्रकाशित हुने साहित्य पृष्ठका लागि कविता, गजल, मुक्तक, लघुकथा लगायतका रचना भए thepublictoday2070@gmail.com मा पठाउन सक्नुहुनेछ ।]

# लोकसेवा परीक्षाको तयारी सामग्री

धीरेन्द्र कुमार महतो
प्रस्तुतकर्ता



**१. आर्थिक वर्ष २०८३/८४ को कुल बजेट कति आकारको रहेको छ?**
A) २१ खर्ब २४ अर्ब ३४ करोड
B) १२ खर्ब ७० अर्ब ५८ करोड
C) १४ खर्ब ५ अर्ब ३१ करोड
D) २१ खर्ब ३४ अर्ब २४ करोड



**उत्तर: A) २१ खर्ब २४ अर्ब ३४ करोड**

**आर्थिक वर्ष २०८३/८४ को बजेट सारांश:**
- बजेट प्रस्तुतकर्ता: अर्थमन्त्री डा. स्वर्णिम वाग्ले
- प्रस्तुत मिति: वि.सं. २०८३ जेठ १५
- कुल बजेट: २१ खर्ब २४ अर्ब ३४ करोड

**१. खर्चको विवरण:**

| क्षेत्र | बजेट | प्रतिशत |
|---|---|---|
| चालु तर्फ | रु. १२ खर्ब ७० अर्ब ५८ करोड | ५९.८% |
| पुँजीगत तर्फ | रु. ४ खर्ब ३१ अर्ब १० करोड | २०.३% |
| वित्तीय व्यवस्था तर्फ | रु. ४ खर्ब २२ अर्ब ६४ करोड | १९.९% |

**२. स्रोतको विवरण:**

| क्षेत्र | बजेट | प्रतिशत |
|---|---|---|
| राजस्व | रु. १४ खर्ब ५ अर्ब ३१ करोड | ६६.१५% |
| वैदेशिक अनुदान | रु. ६१ अर्ब ७४ करोड | २.९१% |
| न्यून बजेट (कुल) | ६ खर्ब ५७ अर्ब २९ करोड | ३०.९४% |

❖ **न्यून बजेटको बाँडफाँड:**
- आन्तरिक ऋण: रु. ४ खर्ब १० अर्ब (१५.३०%)
- वैदेशिक ऋण: रु. २ खर्ब ४७ अर्ब २९ करोड (११.६४%)

**आ.व. २०८३/८४ को बजेट :**
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस अनुसार आगामी आर्थिक वर्ष २०८३/८४ मा:

❖ **वित्तीय समानीकरण अनुदान:**
- प्रदेशका लागि रु. ६१ अर्ब ५० करोड
- स्थानीय तहका लागि रु. ९० अर्ब २० करोड

❖ **समपुरक अनुदान:**
- प्रदेशमा रु. ४ अर्ब ६० करोड
- स्थानीय तहमा रु. ८ अर्ब ९३ करोड




❖ **विशेष अनुदान:**
- प्रदेशमा रु. ३ अर्ब ८२ करोड
- स्थानीय तहमा रु. ९ अर्ब ४० करोड

❖ **सशर्त अनुदान:**
- प्रदेशमा रु. ३९ अर्ब ७२ करोड
- स्थानीय तहमा रु. २०६ अर्ब ८ करोड

❖ **लैङ्गिक तथा जलवायु बजेट वर्गीकरण**
- लैङ्गिक उत्तरदायी बजेट: प्रत्यक्ष लाभ ४४.३०%, अप्रत्यक्ष लाभ २९.२०%, तटस्थ २६.५०%
- जलवायु परिवर्तन बजेट: प्रत्यक्ष लाभ ६.६८%, अप्रत्यक्ष लाभ ३७.८२%, तटस्थ ५५.५०%

❖ आर्थिक वृद्धि हुने लक्ष्य : ७%
❖ प्रतिव्यक्ति आय : १५३५७
❖ मुद्रास्फीतिदर : ६% सीमित राख्ने लक्ष रहेको

**कुन मन्त्रालयमा कति बजेट ?**

| क्र.सं. | मन्त्रालय/निकायको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | पूर्वाधार विकास मन्त्रालय | ३ खर्ब २ अर्ब ८३ करोड |
| २ | शिक्षा तथा खेलकुद | २ खर्ब १८ अर्ब |
| ३ | महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक | १ खर्ब २२ अर्ब ६१ करोड |
| ४ | सुरक्षा | १ खर्ब १४ अर्ब २ करोड |
| ५ | ऊर्जा, जलस्रोत तथा सिँचाइ | १ खर्ब ८ अर्ब ३२ करोड |
| ६ | गृह मन्त्रालय | ९६ अर्ब ४३ करोड |
| ७ | स्वास्थ्य तथा खाद्य स्वच्छता | ८४ अर्ब ७३ करोड |
| ८ | अर्थ मन्त्रालय | ७३ अर्ब १२ करोड |
| ९ | कृषि, वन तथा पर्यावरण | ६४ अर्ब ९६ करोड |
| १० | रक्षा<br>भूमि व्यवस्था, सहकारी, संघीय | १४ अर्ब ९४ करोड |
| ११ | मामिला तथा सामान्य प्रशासन | १० अर्ब ९३ करोड |
| १२ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ९ अर्ब ३४ करोड |
| १३ | उद्योग, वाणिज्य तथा आपूर्ति | ८ अर्ब ७३ करोड |
| १४ | परराष्ट्र | ७ अर्ब ४८ करोड |
| १५ | प्रधानमन्त्री कार्यालय | ५ अर्ब ९३ करोड |
| १६ | सूचना तथा संचार मन्त्रालय | ४ अर्ब |
| १७ | विज्ञान, प्रविधि तथा नवप्रवर्तन | ३ अर्ब ६२ करोड |
| १८ | युवा, श्रम तथा रोजगार | ५८ करोड |

**२. इन्डियन प्रिमियर लिग (IPL) को १९ औं संस्करण (२०२६) को विजेता टिम कुन हो?**
A) चेन्नई सुपर किंग्स
B) गुजरात टाइटन्स
C) रोयल च्यालेन्जर्स बेङ्गलोर
D) मुम्बई इन्डियन्स
उत्तर: C) रोयल च्यालेन्जर्स बेङ्गलोर



**इन्डियन प्रिमियर लिग (IPL) २०२६**

✓ संस्करण : १९ औं
✓ खेल आयोजना : सन् २०२६ मार्च २६ देखि मे ३१ सम्म
✓ विजेता : रोयल च्यालेन्जर्स बेङ्गलोर (RCB)
✓ उपविजेता : गुजरात टाइटन्स (GT)
✓ सहभागी : १० समूह
✓ जम्मा खेल : ७४ वटा
✓ फाइनल खेल र स्थान : नरेन्द्र मोदी रंगशाला, अहमदाबाद (३१ मे २०२६)
✓ सर्वाधिक रन बनाउने (Orange Cap) : वैभव सूर्यवंशी (राजस्थान रोयल्स) - ७७६ रन
✓ सर्वाधिक विकेट लिने (Purple Cap) : कागिसो रबाडा (गुजरात टाइटन्स) - २९ विकेट

| टिम (Team) | विजेता बनेको वर्ष (Years Won) | कुल उपाधि |
|---|---|---|
| चेन्नई सुपर किंग्स(CSK) | २०१०, २०११, २०१८, २०२१, २०२३ | ५ |
| मुम्बई इन्डियन्स (MI) | २०१३, २०१५, २०१७, २०११, २०२० | ५ |
| कोलकाता नाइट राइडर्स (KKR) | २०१२, २०१४, २०२४ | ३ |
| रोयल च्यालेन्जर्स बेङ्गलोर (RCB) | २०२५, २०२६ | २ |
| राजस्थान रोयल्स (RR) | २००८ | १ |
| सनराइज हैदराबाद (SRH) | २०१६ | १ |
| डेकन चार्जर्स (DC) | २००९ | १ |
| गुजरात टाइटन्स (GT) | २०२२ | १ |

**इन्डियन प्रिमियर लिग (IPL) २०२५**

✓ संस्करण : १८ औं
✓ खेल आयोजना : 22 March - 3 June 2025
✓ विजेता : RCB (Royal Challengers Bengaluru) ६ रनले जितेको
✓ उपविजेता : एगलवबद प्लनक
✓ सहभागी : १० समूह
✓ जम्मा खेल : ७४ वटा
✓ फाइनल खेल र स्थान : नरेन्द्र मोदी रंगशाला, अहमदाबादमा जुन ३, २०२५
✓ सर्वाधिक रन बनाउने : साई सुदर्शन (७५९)
✓ सर्वाधिक विकेट लिने : प्रसिद्ध कृष्ण (२५ वटा)
✓ सूर्यकुमार यादवलाई प्रतियोगिताको सबैभन्दा मूल्यवान खेलाडीको रूपमा सम्मानित गरिएको थियो ।

**३. सन् २०२६ मा मनाइएको ५४ औं विश्व वातावरण दिवसको नारा के रहेको छ?**
A) Only One Earth
B) Inspired by Nature. For Climate. For Our Future
C) Protect Our Environment
D) Climate Action Now
उत्तर: B) Inspired by Nature. For Climate. For Our Future
- दिवस मनाइने मिति: विश्व वातावरण दिवस प्रत्येक वर्षको जुन ५ का दिन मनाइन्छ।
- सन् २०२६ को संस्करण: सन् २०२६ मा ५४ औं विश्व वातावरण दिवस मनाइएको हो।
- पहिलो पटक: यो दिवस पहिलो पटक सन् १९७३ मा मनाइएको थियो।
- पहिलो आयोजक राष्ट्: विश्व वातावरण दिवस पहिलो पटक आयोजना गर्ने राष्ट्र अमेरिका हो।
- पहिलो नारा: सन् १९७३ मा मनाइएको पहिलो वातावरण दिवसको नारा "Only One Earth" रहेको थियो।
- आह्वान गर्ने संस्था: यो दिवस संयुक्त राष्ट्र संघीय वातावरणीय कार्यक्रम (UNEP) को आह्वानमा मनाउने गरिन्छ।

**४. सन् २०२६ को विश्व धुम्रपान विरुद्ध दिवसको नारा "आकर्षणको मुखुण्डो उतारौं, निकोटिन र सुर्तीको लत विरुद्ध प्रतिकार गरौं" भन्ने रहेको छ भने यो दिवस कहिले मनाइन्छ?**
A) मे ३१
B) जुन ५
C) अप्रिल ६
D) मे १
उत्तर: A) मे ३१
- मनाउन सुरुवात: विश्व धुम्रपान विरुद्ध दिवस मनाउने कार्य सन् १९८७ देखि सुरु भएको हो।
- सन् २०२६ को संस्करण: सन् २०२६ मा ३९ औं विश्व धुम्रपान विरुद्ध दिवस मनाइयो।
- सुर्तीमा पाइने पदार्थ: सुर्तीजन्य पदार्थमा मुख्य रूपमा निकोटिन पाइन्छ।
- नेपालको अवस्था: नेपालमा सुर्तीजन्य पदार्थको सेवनका कारण वार्षिक ३९,२०० जनाको मृत्यु हुने गरेको छ।
- विश्वव्यापी अवस्था (WHO को अनुसार): विश्व स्वास्थ्य संगठन (WHO) का अनुसार संसारभर २० करोडभन्दा बढी मानिसले सुर्तीजन्य पदार्थको प्रयोग गर्दछन्।

**५. वि.सं. २०८३ जेठ १६ देखि १७ गतेसम्म सञ्चालन भएको 'दोस्रो कर्णाली छोरी सम्मेलन' कहाँ आयोजना गरिएको थियो?**
A) चन्दननाथ, जुम्ला
B) वीरेन्द्रनगर, सुर्खेत
C) भेरी, जाजरकोट
D) नारायण, दैलेख
उत्तर: B) वीरेन्द्रनगर, सुर्खेत
- वि.सं. २०८३ मा आयोजना गरिएको यो सम्मेलन कर्णाली छोरी सम्मेलनको दोस्रो संस्करण हो.
- सञ्चालन मिति: यो दोस्रो संस्करण वि.सं. २०८३ जेठ १६ देखि १७ गतेसम्म सञ्चालन भएको थियो.
- आयोजक र समन्वय: यस सम्मेलनको मुख्य आयोजक ज्योति फाउन्डेसन हो भने समन्वय कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयले गरेको थियो.
- **सहभागिता विवरण:**
  - ✓ सम्मेलनमा कर्णाली प्रदेशका ७९ वटै स्थानीय तहबाट दुई-दुई जना छोरीहरूको सहभागिता रहेको थियो.
  - ✓ यसका साथै राउटे, राजी, कुसुन्डा, बादी र बोटे समुदायका छोरीहरूको पनि सहभागिता थियो.
  - ✓ अपाङ्गता भएका तथा लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका सहभागीहरू सहित कुल करिब दुई सय ५० भन्दा बढीको उपस्थिति रहेको थियो.
- मुख्य उद्देश्य: बालिका, किशोरी तथा महिलामाथि हुने लैंगिक विभेद, बालविवाह, छाउपडी कुप्रथा, घरेलु हिंसा, यौन दुर्व्यवहार र मानव बेचबिखन लगायतका सामाजिक कुरीतिविरुद्ध आवाज उठाउनु यसको मुख्य उद्देश्य रहेको छ.
- पहिलो संस्करण: यस सम्मेलनको पहिलो संस्करण वि.सं. २०८२ वैशाख २७ देखि २९ गतेसम्म सम्पन्न भएको थियो ।

# 'जनकपुरधामलाई धार्मिक पर्यटकीय गन्तव्य बनाउन सरकार दृढ छ'

राष्ट्रिय समाचार समिति

*धनुषा, जेठ २२ गते ।*



मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जनकपुरधामलाई प्रदेशको मात्र नभई मुलुकको प्रमुख धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने प्रयास भइरहेको बताएको छ ।

जनकपुरधामस्थित चारतारे होटल पौवाद्वारा शुक्रवार आयोजित बृहत् खाना प्रदर्शनी कार्यक्रमको उद्घाटन गर्दै उनले भारतको उत्तर प्रदेशमा रहेको राम जन्मभूमिमा भगवान् श्रीरामको दर्शनका लागि वार्षिक ५० करोड पर्यटक आउने गरेकामा तीमध्ये पाँच प्रतिशत पर्यटक जानकी जन्मभूमिमा आए यस क्षेत्रको पर्यटन क्षेत्रको कायापलट हुने विश्वास व्यक्त गरे ।

मुख्यमन्त्री यादवले बुद्ध वायुसेवाले यथाशीघ्र जनकपुरधाम-अयोध्या, अयोध्या-जनकपुरधाम सिधा हवाई उडानका विषयमा तयारी भइरहेको जनाउँदै सेवा सुरु भएपछि जनकपुरधाममा आउने भारतीय पर्यटकको संख्यामा उल्लेख्य वृद्धि हुने बताए । सङ्घीय सरकारले प्रस्तुत गरेको बजेटमा मधेस प्रदेशलाई अपेक्षाअनुरूप सम्बोधन नगरिएको गुनासो व्यक्त गरे ।

मुख्यमन्त्री यादवले मधेस प्रदेश तथा जनकपुरधामलाई विशेष प्राथमिकतामा राखेर बजेट विनियोजन हुने अपेक्षा गरिए पनि बजेटले त्यसलाई समेट्न नसकेको धारणा व्यक्त गरे । उनले धार्मिक पर्यटनको प्रचुर सम्भावना रहेकाले धार्मिक पर्यटन प्रवर्द्धनका लागि सरोकार भएका निकायबीच सहकार्य र समन्वय आवश्यक पर्नेमा जोड दिए ।

अयोध्यामा हरेक वर्ष करोडौँ श्रद्धालु भक्तजन पुग्ने गरेका उल्लेख गर्दै मुख्यमन्त्री यादवले माता सीताको जन्मस्थल जनकपुरधामलाई अन्तरराष्ट्रिय धार्मिक पर्यटन केन्द्रका रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याए । यसो गर्न सके धार्मिक पर्यटनका माध्यमबाट आर्थिक गतिविधि चलायमान हुनुका साथै स्थानीयले रोजगारीका अवसर पाउने उनले बताए ।

जनकपुरधामलाई 'म्यारिज डेस्टिनेसन' का रूपमा विकास गर्ने विषय चर्चामा रहे पनि सङ्घीय बजेटले त्यसलाई समुचित रूपमा सम्बोधन गर्न नसकेको मुख्यमन्त्री यादवले उल्लेख गरे । उक्त अवधारणालाई पूर्णता दिन प्रदेश सरकार र निजी क्षेत्रबीच सहकार्य गरी अघि बढ्ने उनको भनाइ छ ।

मधेस प्रदेशमा तारे होटलहरूको सङ्ख्या बढ्दै गएको उल्लेख गर्दै मुख्यमन्त्री यादवले यसले पर्यटन क्षेत्रको सम्भावना थप विस्तार गरेको बताए । आवश्यक सहयोग र लगानी उपलब्ध भए जनकपुरधामलाई धार्मिक तथा वैवाहिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा स्थापित गर्न सकिने उनले विश्वास व्यक्त गरे । सङ्घीय बजेटले अपेक्षा पूरा गर्न नसकेको भए पनि प्रदेश सरकार पर्यटन प्रवर्द्धन, पूर्वाधार विकास तथा लगानी अभिवृद्धिका क्षेत्रमा आफ्नै पहलमा कार्यक्रम सञ्चालन गर्दै अघि बढ्ने प्रतिबद्धता मुख्यमन्त्री यादवले व्यक्त गरे ।

मधेस प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री मनोजकुमार सिंहले जनकपुरधाममा सुरु भएको चारतारे होटल पौवाले यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा मद्दत पुग्ने विश्वास व्यक्त गर्दै होटल पौवाले मिथिला कला, संस्कृति, संस्कार तथा परिकारको प्रवर्द्धनमा ध्यान दिनुपर्ने सुझाव दिए ।

होटल पौवा संचालक समितिका अध्यक्ष दुर्गा भण्डारीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा होटल पौवाका उपाध्यक्ष ध्रुवराज न्यौपानेले होटल पौवाले यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरे ।

# सचेतना फैलाउन वक्तृत्वकला प्रतियोगिता

राष्ट्रिय समाचार समिति

*सिरहा, जेठ २२ गते ।*

विद्यार्थीमा जलवायु परिवर्तनको असर, न्यूनीकरणका उपाय, वातावरण संरक्षण तथा जलवायुमैत्री कृषि प्रणालीबारे चेतना अभिवृद्धि गर्ने उद्देश्यले वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको छ ।

विश्व वातावरण दिवसका अवसरमा शुक्रवार धनगढीमाई नगरपालिका-५ स्थित जनता माध्यमिक विद्यालय (प्राविधिक), तीनकोनीमा वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको हो ।

राष्ट्रिय कृषक समूह महासङ्घ नेपालको आयोजनामा सञ्चालित 'जलवायुमैत्री गाउँ परियोजना' अन्तर्गत आज उक्त प्रतियोगिता आयोजना गरिएको हो । 'माटो जोगाऔँ, प्रकृति सजाऔँ, जलवायु अनुकूलन खेतीतर्फ पाइला बढाऔँ' भन्ने मूल विषयमा आयोजित प्रतियोगितामा विद्यालयका सातजना छात्राले जलवायु परिवर्तन, वातावरण संरक्षण तथा जलवायुमैत्री कृषि प्रणालीका विषयमा आफ्ना विचार प्रस्तुत गर्दै प्रतिस्पर्धा गरेका छन् ।

परियोजनाले किसानलाई कृषि पाठशाला सञ्चालन, कृषि सामग्री उपलब्ध गराउने, महिला कृषक समूह गठन, गोठ सुधार, गँड्यौलाको मल उत्पादन, बोरिङ तथा फोहोरा सिँचाइ, आधुनिक चुलो जडान तथा जलवायुमैत्री बीउबिजन वितरणलगायत कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

कार्यक्रमको प्रमुख अतिथिसमेत रहेकी धनगढीमाई नगरपालिकाका उपप्रमुख सङ्गीताकुमारी चौधरीले वातावरण संरक्षण र दिगो कृषि विकासका लागि युवापुस्ताको सहभागिता अपरिहार्य रहेको बताइन् । उनले धनगढीमाई नगरपालिकाले आगामी नीति तथा कार्यक्रममा पनि जलवायु अनुकूलन कृषि प्रणालीलाई प्राथमिकता दिनुका साथै परियोजनालाई आवश्यक समन्वय गर्ने बताइन् ।

उपप्रमुख चौधरीले भनिन्, "जलवायु परिवर्तनको प्रभाव अहिले प्रत्यक्ष रूपमा कृषि क्षेत्रमा देखिन थालेको छ । त्यसैले वातावरण संरक्षणसँगै जलवायुमैत्री कृषि अभ्यासलाई विद्यालय तहदेखि चेतना अभिवृद्धि गर्न आवश्यक छ । यस्ता कार्यक्रमले विद्यार्थीमा ज्ञान, सीप र जिम्मेवारीबोध बढाउन महत्त्वपूर्ण योगदान पुर्‍याउँछन् ।"

कार्यक्रममा राष्ट्रिय कृषक समूह महासङ्घका मधेस प्रदेश कार्यक्रम संयोजक दिलीप साहले संस्थाले विद्यालय, स्थानीय तह तथा सरोकार भएका निकायसँग समन्वय गरी विभिन्न जलवायुमैत्री तथा अनुकूलन कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिए ।

# बिपी राजमार्ग अनिश्चितकालीन बन्द थपियो

राष्ट्रिय समाचार समिति

*काभ्रेपलाञ्चोक, जेठ २२ गते ।*

बेमौसमी वर्षासँगै आउने पहिरोका कारण दिनानुदिन बिपी राजमार्ग अवरुद्ध हुन थालेपछि काभ्रेपलाञ्चोकस्थित सडकखण्डमा रातको समयमा गराउँदै आइएको अनिश्चितकालीन बन्द शुक्रवारदेखि पुनः थप गरिएको छ । जिल्ला सुरक्षा समितिको शुक्रवारको बैठकले वर्षालगायत जोखिमका कारण एक महिनादेखि साँझ ५:०० बजेदेखि बिहान ५:०० सम्मको बन्दलाई दुई घण्टा घटाएर पुनः अनिश्चितकालीन रूपमा राजमार्गमा आवागमन बन्द गराइएको हो ।

समितिले उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरको कटुञ्जेस्थित चौकीडाँडाबाट सिन्धुलीको नेपालथोकसम्म सडकखण्डमा रातको समयमा आवागमन बन्द गराएको जनाएको छ । अर्को सूचना जारी नभएसम्म रातको समयमा गराइएको बन्दलाई दुई घण्टा घटाएर साँझ ६:०० देखि बिहान ४:०० बजेसम्म गराइएको समितिका संयोजकसमेत रहनुभएका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले बताए ।

अधिकारीका अनुसार हालको समयमा दिन लम्बिएकाले यात्रु तथा विभिन्न व्यवसायीको मागलाई ध्यानमा राखेर बन्दको समय घटाइएको हो । बेमौसमी वर्षाका कारण रोशी खोलामा बाढी आउँदा खोलाको सतह बढेर डाइभर्सन बगाउँदा सडक अवरुद्ध हुने भएकाले गत वैशाख २२ गतेदेखि साँझ ५:०० देखि बिहान ५:०० बजेसम्मको समयमा अनिश्चितकालीन रागमार्ग बन्द गराइएको थियो ।

वैशाख २१ गते राति वर्षाका कारण बिपी राजमार्गअन्तर्गत रोशी गाउँपालिका-७ स्थित लास्कोट र घुमाउनेको बीचमा फसेका पाँचवटा माइक्रो बसका ८९ यात्रुको राति उद्धार गर्नुपरेको थियो । यसको भोलिपल्टै समितिले रातको समयमा आवागमन बन्द गराउँदै आएको हो ।

सम्भावित जोखिमलाई मध्यनजर गर्दै नेपाल प्रहरी तथा ट्राफिक प्रहरीबाट खटिएको प्रहरी टोलीले सुरक्षित स्थानमा रोक्दारोक्दै लापरवाहीपूर्ण तरिकाले यात्रुको जीउधनलाई बेवास्ता गरेको जनाउँदै प्रहरीले सवारी चलाउने ती माइक्रो बसका चालकलाई नियन्त्रणमा लिई कारबाहीसमेत गरिएको थियो ।

यसैबीच, प्रहरीले राजमार्गको अवस्था बुझेरमात्रै यात्रा गर्न सर्वसाधारणलाई अनुरोध गरिएको छ । गतसालको बाढीपहिरोले रागमार्गको चौकीडाँडा, रोशी तथा सिन्धुलीको नेपालथोक क्षेत्रमा १८ किमी सडक बगाएपछि खोलामै डाइभर्सन निर्माण गरी आवागमन गराउँदै आइएको छ ।

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
९८४३१२२४६
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिहा(न ९ बजेदेखि साँझ ५ बजेसम्म



हामी कहाँ आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री